वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY

राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ
bhanjyangnews.com
भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमूलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
वेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स ट्विटर x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई
LIKE, FOLLOW
गर्दै गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमूलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १५५ | २०८३ असोज २२ गते विहीबार, नेपाल सम्वत् ११४६ October 08, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



**सिग्नेचर पुल निर्माणको अन्तिमचरणमा :** पृथ्वी राजमार्गअन्तर्गत तनहुँको दमौलीस्थित मादी नदीमा निर्माणको अन्तिमचरणमा पुगेको चार लेनको सिग्नेचर पुल । मुग्लिंग-पोखरा सडक योजना आवुँखैरेनी-जामुने खण्डका अनुसार पुल निर्माण कार्य अन्तिम चरणमा पुगेको र आवश्यक सडक सुरक्षाका काम भइरहेको छ । *तस्विर : भञ्ज्याङ*

# गण्डकीका मुख्यमन्त्री पाण्डेलाई दीर्घकालीन निर्णयमा सर्वोच्चको रोक

**भञ्ज्याङ समाचारदाता**/पोखरा

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशसभाबाट विश्वासको मत नलिएको विषय न्यायालय पुगेपछि सर्वोच्च अदालतले सरकारका दीर्घकालीन महत्वका निर्णयमा रोक लगाएको छ । सर्वोच्च अदालतका न्यायाधीश श्रीकान्त पौडेलको एकल इजलासले बुधबार मुद्दाको अन्तिम टुङ्गो नलाग्दासम्म दीर्घकालीन असर पर्ने प्रकृतिका निर्णय नगर्न मुख्यमन्त्रीका नाममा अन्तरिम आदेश जारी गरेको हो ।

सरकारमा सहभागी नेकपा (एमाले)ले समर्थन फिर्ता लिएपछि पनि मुख्यमन्त्री पाण्डेले विश्वासको मत नलिएको भन्दै सर्वोच्चमा रिट दायर भएको थियो । नेपालको संविधानको धारा १८८ को उपधारा (२) मा सरकारलाई समर्थन गरेको दलले समर्थन फिर्ता लिएमा मुख्यमन्त्रीले ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने व्यवस्था छ ।

एमालेले गत भदौ १० गते गण्डकी सरकारबाट बाहिरिँदै



समर्थनसमेत फिर्ता लिएको थियो। त्यसपछि असोज ९ गतेभित्र विश्वासको मत लिनुपर्ने दाबी गर्दै लीलबहादुर थापाले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए । रिटमा विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्थाको कार्यान्वयन गराउन उत्प्रेषणलगायत आदेश माग गरिएको थियो ।

*बाँकी तेश्रो पेजमा*

# गन्तव्य जोडिँदै, पर्यटनको नयाँ सर्किट बन्दै

## बन्दीपुर–आँबुखैरेनीबाट मानुङकोट, छाब्दी, छिम्केश्वरी र आँधीमूलसम्म जीप सफारी विस्तार गर्ने तयारी, गाउँ–गाउँमा पर्यटनको लाभ पुऱ्याउने लक्ष्य

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

तनहुँमा पर्यटनका गन्तव्यको कमी छैन। धार्मिक आस्थाका केन्द्रदेखि सूर्योदय र हिमशृंखला नियाल्न सकिने डाँडाकाँडा, ऐतिहासिक बस्ती, प्राकृतिक सम्पदा, ग्रामीण जीवनशैली र मौलिक संस्कृतिसम्म जिल्लाभित्रै अनेक सम्भावना छन् । समस्या गन्तव्यको अभावमा होइन, ती गन्तव्यलाई एउटै पर्यटकीय यात्रामा जोड्न नसक्नुमा छ ।

यही चुनौतीलाई सम्बोधन गर्दै तनहुँका प्रमुख पर्यटकीय तथा धार्मिक गन्तव्यलाई जीप सफारीमार्फत एउटै पर्यटन सर्किटमा जोड्ने तयारी अघि बढाइएको छ। बन्दीपुर र आँबुखैरेनीमा सञ्चालन हुँदै आएको जीप सफारीलाई जिल्लाका अन्य सम्भावनायुक्त गन्तव्यसम्म विस्तार गरी पर्यटकलाई एउटै यात्रामा फरक-फरक भूगोल, संस्कृति, धार्मिकस्थल र ग्रामीण जीवनको अनुभव गराउने योजना अगाडि ल्याइएको छ ।

प्रस्तावित सर्किटमा दमौली-मानुङकोट, छाब्दी, छिम्केश्वरी र आँधीमूललगायतका गन्तव्यलाई समेट्ने तयारी गरिएको छ । यसलाई क्रमशः अन्य ग्रामीण तथा धार्मिक गन्तव्यसँग समेत जोड्दै लैजाने व्यवसायीको योजना छ ।

बन्दीपुर भिलेज सफारीका सञ्चालक वसन्त पौडेलका अनुसार अहिले बन्दीपुर र आँबुखैरेनी क्षेत्रमा जीप सफारी सञ्चालन भइरहेको छ । सफारीमार्फत पर्यटकलाई मुख्य बजार र स्थापित पर्यटकीय केन्द्रबाट बाहिर निकालेर गाउँ, अन्य पर्यटकीय गन्तव्यसँग जोडेर पर्यटन सर्किटका रूपमा विकास गर्ने तयारी गरेका छौं", पौडेलले भने, "एउटै यात्रामा धेरै गन्तव्य घुम्न पाउने व्यवस्था गर्न सकियो भने पर्यटकको बसाइ र खर्च दुवै बढाउन सकिन्छ ।"




पहाड, धार्मिकस्थल तथा प्राकृतिक गन्तव्यसम्म पुऱ्याउने प्रयास भइरहेको उनले बताए ।

"बन्दीपुर र आँबुखैरेनीमा जीप सफारी भइरहेको छ। अब यसलाई रूपमा विकास गर्ने प्रयास पर्याप्त हुन सकेको छैन । पर्यटक कुनै एउटा चर्चित गन्तव्यमा पुग्ने र त्यही क्षेत्र आसपास भ्रमण गरेर फर्कने प्रवृत्ति अझै बलियो छ ।

बन्दीपुर आउने पर्यटकलाई छिमेकी ग्रामीण बस्ती, धार्मिकस्थल वा अन्य प्राकृतिक गन्तव्यसम्म पुऱ्याउने व्यवस्थित प्याकेज नहुँदा जिल्लाका अन्य क्षेत्रले पर्यटनको सम्भावित लाभ लिन सकेका छैनन्। आँबुखैरेनीमा आउने पर्यटकको हकमा पनि अवस्था उस्तै छ ।

अब भने एउटा गन्तव्यलाई अर्को गन्तव्यसँग जोड्ने अवधारणामा जानुपर्ने व्यवसायीको भनाइ छ । पर्यटन सर्किटको उद्देश्य नै पर्यटकलाई एउटै ठाउँमा रोक्नेभन्दा जिल्लाभित्रका धेरै ठाउँमा पुऱ्याउनु अहिलेको आवश्यकता भएको सम्पदा नेपालका अध्यक्ष एवं पर्यटन विज्ञ हरिसिं गुरूङ बताउँछन् ।

मानुङकोट यसको एउटा महत्वपूर्ण कडी बन्न सक्छ । दमौलीबाट नजिक रहेको मानुङकोट सूर्योदय, सूर्यास्त र हिमशृंखला अवलोकनका लागि चर्चित बन्दै गएको छ । यहाँबाट देखिने पहाडी भूगोल र मौसम खुलेका बेला देखिने हिमाली दृश्यले पर्यटक आकर्षित गर्दै आएको छ।

**गन्तव्य धेरै, प्याकेज थोरै**

तनहुँमा पर्यटकीय सम्भावना बोकेका क्षेत्र धेरै भए पनि तिनलाई एकीकृत पर्यटकीय उत्पादनका

*बाँकी तेश्रो पेजमा*

# भिमादको लिलिङकोटमा प्लाष्टिकजन्य फोहोरको थुप्रो

**भञ्ज्याङ समाचारदाता**/भिमाद

तनहुँको भिमाद नगरपालिका-१ स्थित हुक्का डाँडा अर्थात् लिलिङकोटमा फोहोर व्यवस्थापन हुन नसक्दा पर्यटकीय क्षेत्रको सौन्दर्यमा असर परेको छ । पर्यटक तथा स्थानीयले प्रयोग गरेका सामग्रीबाट निस्किएको प्लाष्टिकजन्य फोहोर उचित व्यवस्थापन नहुँदा डाँडामै थुप्रिएको हो ।



पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै गएको लिलिङकोटमा प्लाष्टिकजन्य फोहोरको उचित व्यवस्थापन नहुँदा वातावरणमा समेत असर पर्न सक्ने स्थानीयले गुनासो गर्न थालेका छन् । पर्यटकीय क्षेत्रमा उत्सर्जन हुने फोहोरलाई नियमित रूपमा संकलन गरी सुरक्षित स्थानमा व्यवस्थापन गर्नुपर्ने भएपनि सम्बन्धित निकाय तथा सरोकरवालाले ध्यान दिएका छैनन् ।

नगरपालिका तथा स्थानीयले फोहोर व्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने भएपनि त्यो हुन नसक्दा लिलिङकोट क्षेत्रमा प्लाष्टिकजनय फोहोरको थुप्रो बढ्दै जान थालेको छ । आवश्यकताअनुसार सुरक्षित स्थानमा खाल्डो निर्माण गरी फोहोर व्यवस्थापन गर्ने वा अन्य उपयुक्त विधि अपनाउन तर्फ ध्यान दिनुपर्ने स्थानीय बताउँछन् ।

पर्यटक भित्र्याउने पूर्वाधारसँगै स्वच्छता पनि पर्यटनको आधार हो । त्यसैले लिलिङकोटमा थुप्रिएको फोहोर तत्काल हटाई नियमित संकलन र व्यवस्थापनको स्थायी व्यवस्था गर्नुपर्छ। 'भोलि गरौंला' भन्ने प्रवृत्तिले पर्यटकीय गन्तव्यको आकर्षण जोगिँदैन-स्थानीय र सम्बन्धित निकायले अहिले नै कदम चाल्नुपर्छ ।

# सम्पादकीय .....

www.bhanjyangnews.com

## युवाको ऊर्जा स्वदेशमै उपयोग

नेपालका लाखौं युवा रोजगारीको खोजीमा विदेशिन बाध्य छन्। स्वदेशमा पर्याप्त अवसर नपाउँदा उनीहरु श्रम बेच्न विदेशी भूमिमा जान विवश भएका छन्। विदेशमा पसिना बगाएर पठाएको विप्रेषण (रेमिटेन्स)ले राष्ट्रिय अर्थतन्त्र चलायमान त बनाएको छ, तर यसले दीर्घकालीन आर्थिक आधार निर्माण गर्न सकेको छैन। मुलुकमा भित्रिएको अर्बौं रूपैयाँ उत्पादनशील क्षेत्रमा लगानी हुन नसक्दा पुनः उपभोगमै खर्च भई विदेशिने चक्रमा मिसिएको छ। यस अवस्थाले हाम्रो आर्थिक संरचना र विकास सोचमा गम्भीर पुनर्विचारको आवश्यकता औल्याएको छ। नेपाल संघीय शासन व्यवस्थामा प्रवेश गरेसँगै विकास र सेवा प्रवाहको केन्द्र स्थानीय तह बनेका छन्। नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहने स्थानीय सरकारहरु नै रोजगारी सिर्जनाको सबैभन्दा प्रभावकारी माध्यम हुन सक्छन्। गाउँमै अवसर उपलब्ध गराएर युवालाई स्वदेशमै टिकाउने जिम्मेवारी अहिले स्थानीय तहको काँधमा आएको छ। तर व्यवहारमा भने तीनै तहका सरकारका नीति, कार्यक्रम र बजेटमा युवालाई स्थायी रूपमा स्वरोजगार बनाउने खालका योजनाहरु न्यून देखिन्छन्। स्वरोजगारका नाममा सञ्चालन हुने कार्यक्रमहरु प्रायः सतही, अल्पकालीन र प्रचारमुखी हुने गरेका छन्। आजको युवा पुस्ता गम्भीर अन्योलमा छ । उच्च शिक्षा हासिल गरे पनि रोजगारको सुनिश्चितता छैन। खेतीपाती गर्न चाहँदा जग्गा, सीप वा प्रविधिको अभाव छ। सीप भएका युवालाई उत्पादन बिक्री गर्ने बजार उपलब्ध छैन। विदेश जाने सोच भए पनि आवश्यक लगानी जुटाउन समस्या हुन्छ। यसरी विभिन्न समस्याको घेराभित्र रहेको युवापुस्तालाई मार्गदर्शन र अवसरको खाँचो छ। यो आवश्यकता पूरा गर्न सक्ने सबैभन्दा उपयुक्त संस्था स्थानीय सरकार नै हो । शिक्षित बेरोजगार युवाहरुको पहिलो रोजाइ स्थायी जागिर नै हुन्छ। तर सरकारी तथा निजी क्षेत्रमा रोजगारीको अवसर सीमित छन्। लोक सेवा आयोग वा अन्य प्रतिस्पर्धात्मक परीक्षामा सफलता प्राप्त गर्न लामो समय, पर्याप्त स्रोत र गुणस्तरीय तयारी आवश्यक हुन्छ। सबै युवासँग यस्ता अवसर हुँदैनन्। करार सेवामा समेत पहुँच र सिफारिसको प्रभाव रहने गुनासो व्यापक छ। यसले सक्षम तर अवसरविहीन युवामा निराशा बढाएको छ। यस्तो अवस्थामा स्थानीय सरकारले निष्पक्षता सुनिश्चित गर्दै युवालाई प्रतिस्पर्धाका लागि तयार पार्ने वातावरण निर्माण गर्नुपर्छ ।

स्थानीय तहले युवाहरुको अवस्था र आवश्यकताको यथार्थ पहिचान गरेर कार्यक्रम सञ्चालन गर्न सक्छन्। सीपमूलक तालिम, व्यवसायिक परामर्श तथा रोजगार सूचना केन्द्र स्थापना गरेर युवालाई मार्गदर्शन दिन सकिन्छ। लोक सेवा तथा अन्य सरकारी सेवाका तयारी कक्षा सञ्चालन गरेर हजारौं युवालाई अवसरको ढोका खोल्न सकिन्छ। यसले युवामा आत्मविश्वास बढाउने मात्र होइन, प्रतिस्पर्धात्मक क्षमतामा समेत वृद्धि गर्छ । त्यसैगरी कृषि, पशुपालन, पर्यटन तथा साना उद्योगमा आधारित स्वरोजगार कार्यक्रम सञ्चालन गर्न स्थानीय तह सक्षम छन्। उद्यमशीलता विकास तालिम, सहुलियत ऋण, अनुदान तथा बजार व्यवस्थापन जस्ता कार्यक्रमले युवालाई स्वरोजगारतर्फ आकर्षित गर्न सक्छन्। "गाउँमै रोजगारी" जस्ता अभियानमार्फत स्थानीय स्रोत र सम्भावनाको उपयोग गर्दै रोजगारी सिर्जना गर्न सकिन्छ। जग्गा नभएका युवालाई सहमतिको आधारमा जग्गा प्रयोगको व्यवस्था मिलाउने, आधुनिक कृषि प्रविधि उपलब्ध गराउने, बीउबिजन तथा मलखादको सुनिश्चितता गर्ने र उत्पादित वस्तुको बजार सुनिश्चित गर्ने कार्यले ठूलो परिवर्तन ल्याउन सक्छ। आज धेरै गाउँहरु युवाविहीन बन्दै गएका छन्। उर्वर जमिन बाँझो छ, उत्पादन घट्दो क्रममा छ। यदि यही अवस्था कायम रह्यो भने ग्रामीण अर्थतन्त्र झन् कमजोर हुने निश्चित छ। युवा गाउँ फर्किएर स्वरोजगार भए भने मात्र गाउँको जीवन्तता कायम रहन सक्छ। उत्पादन बढेमा आयातमा निर्भरता घट्नेछ र राष्ट्रिय अर्थतन्त्र सुदृढ हुनेछ । युवालाई स्वरोजगार बनाउन सक्ने सरकार नै वास्तविक अर्थमा जनमैत्री सरकार मानिन्छ। युवाका समस्या बुझ्ने, समाधान खोज्ने र अवसर सिर्जना गर्ने प्रयास नै प्रभावकारी शासनको आधार हो। स्वरोजगारका कार्यक्रम केवल बजेट खर्च गर्ने माध्यम नभई परिणाममुखी हुनुपर्छ। तालिम दिएर छोड्ने होइन, उत्पादनदेखि बजारसम्मको सुनिश्चितता गर्ने व्यवस्था आवश्यक छ।

नेपालको विकासका लागि सबैभन्दा ठूलो शक्ति युवा जनशक्ति हो। यही शक्ति विदेशमा प्रयोग भइरहेको छ। यदि यही ऊर्जा स्वदेशमै प्रयोग गर्न सकियो भने समृद्धिको आधार बलियो बन्न सक्छ। त्यसका लागि दीर्घकालीन सोच र ठोस योजना आवश्यक छन्। सरकारले युवालाई तत्कालीन राहत मात्र दिनु पर्याप्त हुँदैन। दीर्घकालीन समाधान दिनुपर्छ। तिर्खा लागेका बेला पानी दिनु आवश्यक हुन्छ, तर इनार खन्ने उपाय सिकाउनु अझ महत्वपूर्ण हुन्छ। शिक्षा, सीप, स्रोत र अवसरलाई एकीकृत गरेर युवालाई उत्पादनशील क्षेत्रमा जोड्न सकियो भने मात्र देशको समृद्धि सम्भव हुन्छ। स्थानीय तहले युवालाई केन्द्रमा राखेर योजना निर्माण गर्ने हो भने परिवर्तन सम्भव छ। स्वरोजगारलाई सम्मानित पेशा बनाउने, कृषिलाई आधुनिक र लाभदायी बनाउने तथा उद्यमशीलतालाई प्रोत्साहन गर्ने अभियानबाट मात्रै युवालाई स्वदेशमै टिकाउन सकिन्छ । युवा पलायन रोक्ने कुरा केवल नारामा सीमित हुनु हुँदैन। स्थानीय सरकारको सक्रिय पहल, स्पष्ट नीति र प्रभावकारी कार्यान्वयनबाट मात्रै यो सम्भव छ। युवाको ऊर्जा स्वदेशमै उपयोग गर्ने संकल्प नै नेपालको समृद्धिको सबैभन्दा बलियो आधार बन्न सक्छ।

# धर्म र राजनीति छुट्टाछुट्टै विषय हुन्

कसैले कुनै विषयमा आस्था राख्नु अस्वाभाविक होइन । त्यो आस्था धर्मप्रतिको होस् वा राजनीतिक विचारप्रतिको । तर आफ्नो आस्था वा विचार अरूमाथि अनावश्यक रूपमा लाद्ने अधिकार कसैलाई हुँदैन । मानिसको विचार उसले व्यक्त नगरेसम्म उसको व्यक्तिगत विषय हो। तर विचार सार्वजनिक भएपछि त्यसले सामाजिक स्वरूप ग्रहण गर्छ र त्यसको मूल्याङ्कन पनि समाजले नै गर्छ । सही वा गलत, सकारात्मक वा नकारात्मक भन्ने निर्णय समय र समाजले गर्ने हो।

धर्म कुन मान्ने, मान्ने कि नमान्ने भन्ने विषय मूलतः व्यक्तिको स्वतन्त्र निर्णय हो। धर्म भन्नासाथ पूजा-पाठलाई मात्र बुझ्नु पनि उचित हुँदैन । पूजा, मन्दिर निर्माण, लक्षबत्ती बाल्ने, विभिन्न धार्मिक अनुष्ठान गर्नेजस्ता अभ्यास विभिन्न समुदायले आफ्नो आस्था र संस्कारका रूपमा विकास गरेका हुन् । समयक्रममा यस्ता अभ्यास परम्पराका रूपमा स्थापित भए । समाज परिवर्तनसँगै तिनको समीक्षा र परिमार्जन पनि हुँदै आएको छ ।

आदिम सामुदायिक जीवनदेखि आधुनिक वैज्ञानिक युगसम्म आइपुग्दा मानव समाजले अनेकौं अनुभव हासिल गरेको छ । केही परम्परा उपयोगी साबित भए, केही परिमार्जित भए र केही विस्थापित पनि भए । त्यसैले कुनै पनि परम्परा पुरानो हुँदैमा स्वतः सही हुन्छ भन्ने मान्यता राख्नु आवश्यक छैन । समय, ज्ञान, विज्ञान र मानवीय विवेकका आधारमा त्यसको समीक्षा हुनुपर्छ ।

संसारका मानिस एउटै मानव जातिका सदस्य हुन्। तर जात, भाषा, क्षेत्र, संस्कृति र धर्मका आधारमा उनीहरु विभिन्न समुदायमा विभाजित छन् । हिन्दू, मुस्लिम, इसाई, बौद्धलगायत जुनसुकै धर्ममा आस्था राखे पनि सबै धर्मका मूल शिक्षाले मानव कल्याण र नैतिकतालाई महत्व दिएका छन् । त्यसैले धर्मको सबैभन्दा व्यापक अर्थ मानव धर्म नै हो- मानिसको हित गर्नु, दुःखमा साथ दिनु, अन्याय नगर्नु र अरूको अस्तित्वको सम्मान गर्नु ।

धर्म र पापलाई पनि यही मानवीय दृष्टिकोणबाट हेर्न आवश्यक छ । सहयोगी भावना राख्ने, अरूको दुःख बुझ्ने र मानव हितमा काम गर्ने व्यक्ति धार्मिक आचरणमा रहेको मान्न सकिन्छ। तर अरूलाई लुट्ने, शोषण गर्ने, हिंसा गर्ने र अन्यायमा आधारित जीवन बिताउने व्यक्तिले बाहिरबाट जति धार्मिक कर्म गरे पनि त्यसले उसको आचरणलाई धर्मात्मा बनाउन सक्दैन ।

हाम्रो समाजमा भने धर्मको परिभाषा कतिपय अवस्थामा उल्टो ढङ्गले स्थापित भएको पाइन्छ। मन्दिर धाउने, तीर्थ जाने, दान गर्ने वा धार्मिक अनुष्ठानमा सहभागी हुने व्यक्तिलाई मात्र धार्मिक ठान्ने प्रवृत्ति छ । श्रम गरेर जीविका चलाउने, महँगा धार्मिक कर्म गर्न नसक्ने मानिसलाई त्यही आधारमा नास्तिक वा पापी ठान्नु कति न्यायोचित होला? मानिसले बनाएका मन्दिर, मूर्ति र धार्मिक ग्रन्थभन्दा ठूलो कुरा मानिसको आचरण र मानवतामाथिको व्यवहार हो ।

त्यसैले धर्मलाई राजनीतिसँग जोडेर हेर्नु अर्को गम्भीर विषय हो । कुनै देशमा विभिन्न जाति, भाषा र धर्मका मानिस बस्छन् भने राज्य सबैको साझा संस्था हुनुपर्छ। नेपालजस्तो बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देशमा राज्यले सबै नागरिकलाई समान व्यवहार गर्नुपर्छ । धर्मनिरपेक्षताको मूल भावना पनि यही समानता र धार्मिक स्वतन्त्रतासँग जोडिएको छ ।

छिमेकी भारतको अनुभवले पनि धर्म र राजनीतिको मिश्रण कति जटिल हुन सक्छ भन्ने देखाउँछ। धर्मलाई राजनीतिक लाभका लागि प्रयोग गर्दा समाजमा विभाजनको खतरा बढ्छ । कुनै राजनीतिक दलले धार्मिक भावनालाई आत्मो सत्ता र चुनावी रणनीतिको साधन बनाउनु र राज्य सञ्चालनलाई त्यसैअनुसार निर्देशित गर्नु अन्ततः सामाजिक सद्भावका लागि चुनौती बन्न सक्छ ।




धर्म आफ्नो ठाउँमा हुनुपर्छ, राजनीति आफ्नो ठाउँमा । कसैले धर्मलाई राजनीतिमित्र घुसाएर सत्ता प्राप्तिको साधन बनाउन खोज्यो भने त्यसले दीर्घकालमा सामाजिक द्वन्द्व निम्त्याउन सक्छ । धर्मका नाममा हुने संघर्षले कुनै एउटा समुदायलाई मात्र क्षति पुऱ्याउँदैन, त्यसले सिङ्गो राष्ट्रको सामाजिक संरचना र राष्ट्रिय एकतालाई कमजोर बनाउँछ । इतिहासमा धर्मका नाममा भएका हिंसात्मक द्वन्द्वले पुस्तौंसम्म समाजलाई विभाजित गरेको उदाहरण प्रशस्तै छन् ।

राजनीति र धर्म दुवै समाजका महत्वपूर्ण पक्ष हुन्, तर तिनको उद्देश्य र कार्यक्षेत्र फरक छ । धर्म व्यक्तिको आस्था, नैतिकता र आत्मिक शान्तिसँग जोडिएको विषय हो भने राजनीति राज्यको नीति, कानुन, शासन प्रणाली र सार्वजनिक स्रोतको व्यवस्थापनसँग सम्बन्धित हुन्छ। त्यसैले राजनीतिमा धर्म होइन, धर्मको नाममा राजनीति गर्ने प्रवृत्तिभन्दा राजनीतिको धर्म- नैतिकता, कर्तव्य र जनउत्तरदायित्व- स्थापित हुनुपर्छ।

मानव जाति पृथ्वीका असंख्य जीव प्रजातिमध्ये सबैभन्दा चेतनशील प्राणी मानिन्छ । तर यही चेतनशील मानिसले धर्मकै नाममा हिंसा, विभेद र हत्या गरेको इतिहास पनि छ। धार्मिक आस्थाको नाममा पशुपक्षीको बलि दिने प्रचलनदेखि मानिस-मानिसबीच जात, धर्म र सम्प्रदायका आधारमा हुने विभेदसम्म हेर्दा मानव विवेकमाथि प्रश्न उठ्छ। कुनै गलत परम्परा लामो समयदेखि चल्दै आएको छ भन्दैमा त्यसलाई धर्मको नाम दिन सकिँदैन ।

कुसंस्कार र कुरीतिलाई सुधार्नुको सट्टा त्यसैमा राजनीति गर्नु झन् खतरनाक प्रवृत्ति हो । आज कसैले जातका नाममा, कसैले क्षेत्रका नाममा र कसैले धर्मका नाममा राजनीति गरिरहेको देखिन्छ। राजनीतिले समाजलाई विभाजित गर्ने होइन, जोड्ने काम गर्नुपर्छ । राष्ट्रियता, जनताको अधिकार, आर्थिक विकास, सामाजिक न्याय र नागरिक स्वतन्त्रता राजनीतिको केन्द्रमा हुनुपर्छ । दुर्भाग्यवश, हाम्रो राजनीतिमा विपक्षीलाई राजनीतिक प्रतिस्पर्धीका रूपमा सम्मान गर्ने संस्कार कमजोर हुँदै गएको छ । असहमत विचारलाई तर्कले सामना गर्नुपर्ने ठाउँमा दमन, आरोप र शत्रुताको भाषा प्रयोग हुने गरेको छ । विगतका ठूला राजनीतिक दलमा देखिएको यस्तो प्रवृत्ति नयाँ राजनीतिक शक्तिमा पनि दोहोरिनु चिन्ताको विषय हो ।

जनताको प्रतिनिधिमूलक संस्था संसद् देशको नीति, कानुन र विकासका प्राथमिकता तय गर्ने सर्वोच्च राजनीतिक मञ्च हो। तर संसद्को गरिमा र जनविश्वास कमजोर हुने गरी गतिविधि हुन थाले भने लोकतान्त्रिक प्रणालीप्रतिकै भरोसा घट्छ । संसद् व्यक्तिगत स्वार्थ, दलगत भागबन्डा वा सीमित समूहको हित साध्ने थलो बन्नु हुँदैन। त्यहाँ देशको रक्षा, विकास, जनअधिकार र समृद्धिका विषयमा गम्भीर बहस हुनुपर्छ।

राजनीति पेशा बन्न थालेपछि त्यसको चरित्र पनि बदलिन सक्छ । जनसेवाका लागि प्रवेश गरेको राजनीति व्यक्तिगत लाभ, शक्ति सञ्चय र भ्रष्टाचार लुकाउने माध्यम बन्यो भने त्यसले लोकतन्त्रलाई नै कमजोर बनाउँछ। राजनीतिक पद जनताको विश्वास हो, निजी सम्पत्ति होइन । आजको विज्ञान र प्रविधिको युगमा पनि धर्मका नाममा राजनीति गरेर समाजलाई विभाजित गर्ने प्रयास हुनु विडम्बना हो। राजनीतिक नेतृत्वले भावनालाई भड्काउने होइन, नागरिक चेतना बढाउने काम गर्नुपर्छ। देशको अवस्था, विश्व परिवेश र बदलिँदो अर्थतन्त्रलाई बुझेर राष्ट्रिय हितमा आधारित नीति निर्माण गर्नुपर्छ ।

लामो समय निरंकुशताको जाँतोमा पिसिएका नेपाली जनताले लोकतन्त्र, स्वतन्त्रता, सुशासन र समृद्धिको अपेक्षा गरेका छन् । उनीहरूलाई जात, धर्म वा क्षेत्रका नाममा पुनः विभाजित गर्नु लोकतन्त्रको उद्देश्य होइन । कुनै पनि राजनीतिक व्यक्ति वा दलले आफ्नो स्वार्थभन्दा माथि उठेर सिङ्गो देश र गणतन्त्रको रक्षा गर्न सक्नुपर्छ।

अन्ततः धर्म व्यक्तिको आस्था हो भने राजनीति सार्वजनिक जिम्मेवारी । आस्था स्वतन्त्र हुनुपर्छ, तर राज्य सबैको साझा हुनुपर्छ । राजनीतिले धर्मको सहारा लिएर सत्ता खोज्ने होइन, नैतिकता र कर्तव्यलाई आफ्नो धर्म बनाउनुपर्छ । धर्मका नाममा हुने कुसंस्कार सुधार्नु र राजनीतिलाई जनसेवाको माध्यम बनाउनु नै आजको आवश्यकता हो। मानवता, विवेक, समानता र राष्ट्रिय हितभन्दा माथि कुनै धर्म वा राजनीतिक स्वार्थ हुन सक्दैन ।

## तपाईको आज

**मेष**
हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ। बलजर्ती गर्दा काम बिग्रन सक्छ।

**वृष**
स्थायी सम्पत्तिमा पनि विवाद आउन सक्छ। अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला।

**मिथुन**
दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिलो हुनेछ। ध्ययनमा प्रगति हुनेछ।

**कर्कट**
लगानी गर्दा व्यवसायमा मनग्गे धनलाभ हुनेछ। मिहिनेतले दिगो फाइदा दिलाउन सक्छ। सामाजिक काममा रूचि बढ्नेछ।

**सिंह**
पहिलेका प्रतिस्पर्धीहरु सहयोगीका रूपमा देखा पर्नेछन्। आफन्तजनको विश्वास पनि गुम्न सक्छ।

**कन्या**
मनग्य धनलाभ हुनाले पारिवारिक आवश्यकता पूर्ति हुनेछ। रोकिएको काम सम्पादन हुनेछ।

**तुला**
नयाँ जिम्मेवारी प्राप्त हुनुका साथै काममा ठूलै फड्को मार्न सकिनेछ। श्रमको उचित मूल्यांकन हुनेछ।

**वृश्चिक**
साझेदारी र सट्टापट्टामा विशेष लाभ मिल्न सक्छ। सञ्चित धन उपयोग गर्दा पनि फाइदा हुनेछ।

**धनु**
काममा राम्रो सुरूवात हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। खर्चको जोहो गर्न कर्जा लिनुपर्ला।

**मकर**
रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ।

**कुम्भ**
समयमा होस नपुग्नाले खर्च बढ्नेछ। ठूलो प्रयत्नले सामान्य उपलब्धि दिलाउनेछ। सामाजिक दायित्व बढ्नेछ।

**मीन**
खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला। शुभचिन्तकहरूलाई बेवास्ता गर्दा दुःख पाइएला।

# गन्तव्य जोडिंदै, पर्यटनको नयाँ .....

मानुङकोटलाई बन्दीपुर, छाब्दी, आँधीमूल, मिलुङ्कोट, छिम्केश्वरी वा अन्य ग्रामीण क्षेत्रसँग जोड्न सके दमौली आउने पर्यटकको घुमफिरको दायरा फराकिलो बनाउन सकिन्छ ।

छाब्दी, ढोरवाराही तथा अन्य धार्मिक क्षेत्रलाई धार्मिक तथा प्राकृतिक पर्यटनको संगमका रूपमा विकास गर्न सकिने सम्भावना छ। धार्मिक आस्थासँगै आसपासको प्राकृतिक वातावरण र ग्रामीण जीवनशैलीलाई पर्यटकीय अनुभवमा जोड्न सकिन्छ । छिम्केश्वरी भने उच्च पहाडी भूभागमा रहेको धार्मिक तथा प्राकृतिक गन्तव्य हो।



धार्मिक आस्था, पहाडी दृश्य, ग्रामीण परिवेश र प्राकृतिक सुन्दरताको संयोजन भएकाले यहाँ पर्यटकीय गतिविधि विस्तार गर्न सकिने सम्भावना छ ।

आँधीमूल पनि धार्मिक पर्यटनको महत्वपूर्ण केन्द्रका रूपमा परिचित छ । यी सबै गन्तव्यको विशेषता फरक-फरक भए पनि तिनलाई एउटै यात्रामा जोड्दा पर्यटकले छोटो समयमा तनहुँको विविधता अनुभव गर्न सक्नेछन् ।

### जीप सफारी : यातायात भन्दा बढी पर्यटन उत्पादन

जीप सफारीलाई केवल पर्यटक ओसारपसार गर्ने साधनका रूपमा मात्र हेर्न नहुने व्यवसायी बताउँछन् । ग्रामीण सडक, पहाडी बस्ती, खेतबारी, वनजंगल र स्थानीय जीवनशैली हुँदै यात्रा गर्नु आफैंमा पर्यटकीय अनुभव बन्न सक्छ । ठूला पर्यटकीय बस पुग्न नसक्ने वा नियमित सार्वजनिक यातायात सहज नभएका ग्रामीण गन्तव्यसम्म जीपमार्फत पुग्न सकिन्छ । यसले मुख्य राजमार्ग र बजार क्षेत्रमा सीमित पर्यटकलाई भित्री गाउँसम्म पुऱ्याउने सम्भावना बढाउँछ ।

पर्यटकका लागि यस्तो यात्रा गन्तव्यमा पुग्ने माध्यम मात्र नभई बाटोमै स्थानीय जीवन हेर्ने, ग्रामीण भूगोल बुझ्ने र नयाँ अनुभव लिने अवसर बन्न सक्छ । यस अर्थमा जीप सफारीले तनहुँको ग्रामीण पर्यटनलाई बजारसँग जोड्ने माध्यमको भूमिका निर्वाह गर्न सक्ने देखिन्छ ।

### पर्यटकसँगै गाउँमा पुग्ने आम्दानी

पर्यटन सर्किटको सबैभन्दा ठूलो सम्भावना स्थानीय अर्थतन्त्रसँग जोडिएको छ । पर्यटक गाउँसम्म पुगे भने त्यसको लाभ होटल र यातायात व्यवसायीमा मात्र सीमित हुँदैन । होमस्टे, स्थानीय रेस्टुरेन्ट, कृषि उत्पादन, दुग्धजन्य पदार्थ, फलफूल, तरकारी, हस्तकला तथा स्थानीय परिकारको बजार विस्तार हुन सक्छ । पर्यटकलाई स्थानीय उत्पादन उपभोग गर्ने वातावरण बनाउन सकिए गाउँमै उत्पादन भएको वस्तुले बजार पाउनेछ ।

ग्रामीण बस्तीमा रहेका घरलाई होमस्टेका रूपमा विकास गर्न सकिन्छ । स्थानीय महिलाले बनाएका परिकार, युवाले सञ्चालन गर्ने यातायात तथा गाइड सेवा, किसानले उत्पादन गरेका कृषि सामग्री र स्थानीय कलाकारले प्रस्तुत गर्ने सांस्कृतिक कार्यक्रमलाई पर्यटनसँग जोड्न सकिन्छ । यसबाट पर्यटनको आम्दानी गाउँमै घुम्ने सम्भावना बढ्छ ।

व्यवसायी पौडेलका अनुसार पर्यटकलाई स्थानीय समुदायसँग जोड्नु पर्यटन सर्किटको महत्वपूर्ण पक्ष हो । पर्यटक आउने क्षेत्रका स्थानीयले होमस्टे, स्थानीय खाना, हस्तकला, कृषि उपज बिक्री तथा सांस्कृतिक गतिविधिमार्फत आम्दानी गर्न सक्ने वातावरण बनाउनुपर्ने उनले बताए ।

### बन्दीपुरको पर्यटन गाउँतिर विस्तार गर्ने अवसर

बन्दीपुर तनहुँको मात्र नभई गण्डकी प्रदेशकै स्थापित पहाडी पर्यटकीय केन्द्रमध्ये एक हो । ऐतिहासिक बस्ती, मौलिक वास्तुकला, संस्कृति र प्राकृतिक दृश्यले बन्दीपुरको आफ्नै पर्यटकीय पहिचान बनाएको छ। तर बन्दीपुरको सफलता त्यहींसम्म सीमित राख्ने कि आसपासका ग्रामीण क्षेत्रसम्म विस्तार गर्ने भन्ने प्रश्न महत्वपूर्ण छ ।

बन्दीपुरमा आउने पर्यटकलाई जीप सफारीमार्फत अन्य गन्तव्यसम्म लैजान सकिए बन्दीपुर केन्द्रित पर्यटनलाई जिल्लाका अन्य क्षेत्रमा विस्तार गर्न सकिन्छ । यसले पर्यटकको बसाइ लम्ब्याउनुका साथै बन्दीपुरबाहिरका व्यवसाय र समुदायलाई पनि लाभ पुऱ्याउन सक्छ ।

आँबुखैरेनीका लागि पनि यही सम्भावना छ। राजमार्गसँग जोडिएको प्रवेश क्षेत्र भएकाले यहाँबाट विभिन्न प्राकृतिक, धार्मिक तथा ग्रामीण गन्तव्यतर्फ पर्यटकलाई लैजान सकिन्छ । पृथ्वीराजमार्गसँगै जोडिएका बन्दीपुर र आँबुखैरेनीलाई पर्यटन सर्किटका प्रवेश तथा आधार क्षेत्रका रूपमा विकास गर्दै जिल्लाका भित्री गन्तव्यसँग जोड्न सके तनहुँको पर्यटनको भूगोल फराकिलो बनाउन सकिने देखिन्छ ।

### पूर्वाधारबिना सर्किट अधुरो

पर्यटन सर्किटको योजना अघि बढे पनि यसको सफलताका लागि सडक र पूर्वाधार मुख्य चुनौती बन्न सक्छन् । कतिपय ग्रामीण पर्यटकीय गन्तव्यसम्म पुग्ने सडक वर्षायाममा जोखिमपूर्ण हुने गरेका छन् । सडकको स्तरोन्नति, नियमित मर्मत, संकेतचिह्न, पार्किङ, विश्रामस्थल, खानेपानी र शौचालयजस्ता आधारभूत पूर्वाधार आवश्यक हुन्छन् ।

त्यस्तै पर्यटकलाई गन्तव्यको जानकारी दिने सूचना बोर्ड, डिजिटल नक्सा, पर्यटकीय मार्गको पहिचान, प्राथमिक उपचार तथा सुरक्षा व्यवस्थालाई पनि योजनाको हिस्सा बनाउने आवश्यक रहेको छ । व्यवसायीका अनुसार स्थानीय तहले पूर्वाधारमा लगानी गर्ने, निजी क्षेत्रले पर्यटकीय प्याकेज र सेवा सञ्चालन गर्ने तथा स्थानीय समुदायले होमस्टे, उत्पादन र सांस्कृतिक गतिविधिमा सहभागिता जनाउने गरी तीन पक्षबीच सहकार्य आवश्यक छ ।

### पर्यटन अब 'हेर्ने' होइन, 'अनुभव गर्ने' दिशामा

पछिल्लो समय पर्यटकको रोजाइ पनि परिवर्तन भइरहेको छ। केवल प्रसिद्ध ठाउँ पुगेर तस्वीर खिच्नेभन्दा स्थानीय जीवनशैली, खानपान, संस्कृति, प्रकृति र साहसिक गतिविधि अनुभव गर्ने पर्यटनको माग बढिरहेको छ । तनहुँसँग यही बदलिँदो पर्यटन रुचिलाई सम्बोधन गर्न सक्ने आधार छ ।

एकातिर ऐतिहासिक बन्दीपुर छ, अर्कोतिर मानुङकोटको सूर्योदय र हिमाली दृश्य । कतै धार्मिक आस्थाका केन्द्र छन् भने कतै उच्च पहाडी भूभाग र ग्रामीण बस्ती । नदी, वन, कृषि र स्थानीय संस्कृतिले थप विविधता दिएको छ। यी सबैलाई छुट्टाछुट्टै गन्तव्यका रूपमा मात्र प्रचार गर्नेभन्दा एउटै कथामा जोडेर पर्यटकीय अनुभवका रूपमा बेच्न सकिए तनहुँको पर्यटनले नयाँ बजार पाउन सक्छ।

### गन्तव्य जोडिएपछि मात्रै गाउँ जोडिन्छ

तनहुँमा पर्यटनको वास्तविक विस्तार पर्यटकको संख्या बढ्नु मात्र होइन, पर्यटकको पाइला गाउँसम्म पुग्नु हो। राजमार्ग छेउका बजार र स्थापित पर्यटकीय केन्द्रमा मात्र पर्यटक सीमित रहे भने ग्रामीण पर्यटनको सम्भावना पूरा हुँदैन । जीप सफारीमार्फत गाउँ-गाउँलाई पर्यटकीय मार्गमा जोड्ने प्रयासले यही खाडल पूर्ति गर्न सक्छ ।

तर सर्किटको अवधारणा कागजमा सीमित नराखी स्पष्ट मार्ग, नियमित प्याकेज, मूल्य निर्धारण, सुरक्षा मापदण्ड, पर्यटक सूचना र पूर्वाधारसहित कार्यान्वयनमा लैजानुपर्ने आवश्यकता छ । स्थानीय तह, पर्यटन व्यवसायी र समुदायले साझा योजना बनाएर अघि बढ्न सके बन्दीपुर र आँबुखैरेनीमा केन्द्रित पर्यटकलाई मानुङकोट, मिर्लुङकोट, छाब्दी, छिम्केश्वरी, आँधीमूल हुँदै अन्य ग्रामीण गन्तव्यसम्म पुऱ्याउन सकिनेछ ।

त्यसपछि तनहुँमा पर्यटनको अर्थ एउटा प्रसिद्ध गन्तव्य पुगेर फर्किनुमा सीमित रहने छैन । पर्यटक गन्तव्यमा पुग्नेछन्, गाउँमा बस्नेछन्, स्थानीय उत्पादन खानेछन्, संस्कृति अनुभव गर्नेछन् र खर्च पनि स्थानीय अर्थतन्त्रमै छाडेर जानेछन् । यही मोडलले तनहुँको पर्यटनलाई बहुदिवसीय, ग्रामीण र समुदायमा आधारित पर्यटनका रूपमा विकास गर्ने आधार तयार गर्न सक्छ । गन्तव्य तनहुँसँग पर्याप्त छन् । अब आवश्यकता ती गन्तव्यलाई सडकले मात्र होइन, साझा पर्यटन अवधारणाले जोड्न सक्नुपर्दछ ।

# गण्डकीका मुख्यमन्त्री .....

उक्त रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चले तत्काल सरकार सञ्चालनमा पूर्ण रोक नलगाए पनि दीर्घकालीन प्रभाव पार्ने निर्णय तथा कामकारबाही नगर्न आदेश दिएको हो । अदालतको आदेशमा संविधानको धारा १८८ (२) अनुसार ३० दिनभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था कार्यान्वयन नगरिएको दाबी निवेदनबाट देखिएको भन्दै सुविधा सन्तुलनका आधारमा मुद्दाको अन्तिम निर्णय नभएसम्म दीर्घकालीन महत्वका विषयमा कुनै कामकारबाही नगर्न भनिएको छ ।

अदालतले विपक्षी बनाइएका गण्डकी प्रदेश प्रमुखको कार्यालयलगायतलाई कात्तिक ११ गतेभित्र लिखित जवाफ पेश गर्नसमेत आदेश दिएको छ। यसँगै मुख्यमन्त्री पाण्डे नेतृत्वको सरकारको संवैधानिक हैसियत र विश्वासको मतसम्बन्धी विषय थप न्यायिक परीक्षणमा पुगेको छ ।

६० सदस्यीय गण्डकी प्रदेशसभामा हाल ५९ सदस्य कायम छन् । सरकार गठनका लागि कम्तीमा ३० प्रदेशसभा सदस्यको समर्थन आवश्यक पर्छ । नेपाली कांग्रेससँग २७ प्रदेशसभा सदस्य छन् ।

एक सदस्य रहेको प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)का फणीन्द्र देवकोटा हाल प्रदेश सरकारमा ऊर्जा मन्त्री छन् । यसअघि मुख्यमन्त्री पाण्डेले विश्वासको मत लिँदा समर्थन गरेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले भने सरकारबाट आफ्नो समर्थन फिर्ता लिएको छैन ।

एमालेको समर्थन फिर्तापछि मुख्यमन्त्री पाण्डेले विश्वासको मत लिनुपर्ने संवैधानिक बाध्यता रहेको दाबी गर्दै रिट परे पनि सरकारको नेतृत्व परिवर्तनका लागि आवश्यक अंकगणित भने तत्काल स्पष्ट देखिएको छैन । सर्वोच्चको अन्तरिम आदेशपछि अब प्रदेश सरकारका दीर्घकालीन महत्वका निर्णय प्रभावित हुने अवस्था बनेको छ ।

मुद्दाको अन्तिम सुनुवाइबाट विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्थाको व्याख्या तथा त्यसको कार्यान्वयनबारे अदालतले गर्ने निर्णयले गण्डकी प्रदेश सरकारको आगामी राजनीतिक दिशासमेत निर्धारण गर्ने देखिएको छ ।


## शिक्षक आवश्यकता

*विद्यालयमा सूचना प्रकाशित मिति : २०८३/०६/२०*

बन्दीपुर गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा कार्यालय तनहुँको च.नं. ६१० मिति २०८३/०६/२० को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा निम्न माध्यमिक तह तृतीय श्रेणीको शिक्षण सहयोग अनुदान कार्यक्रम अन्तर्गत एक जना **अंग्रेजी** विषय शिक्षक राहतमा नियुक्त गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आह्वान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन।

**तपसिल**

**विज्ञापन नं.** : ०१/२०८३/०८४
१) **पद** : निम्न माध्यमिक तह तृतीय श्रेणी (राहत)
२) **विषय** : अंग्रेजी ३) **आवश्यक संख्या** : १ (एक) जना
४) **शैक्षिक योग्यता**: सम्बन्धित विषयमा कक्षा १२ वा सोसरह उत्तीर्ण
५) **दरखास्त शुल्क** : १०००/- (एक हजार रूपैयाँ)
६) **तलब** : अनुदान कार्यविधिमा उल्लेख भए अनुसार ।
७) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
८) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शिक्षण अनुमती पत्रको प्रतिलिपि, तालिम वा अनुभव र निवेदन ।
९) **परीक्षाको किसिम** : लिखित, अन्तरवार्ता ।
१०) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०७/०३ गतेसम्म
११) **सम्पर्क मिति** : २०८३/०७/०९ गते विद्यालयमा समय भित्र ।
१२) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**नोट** : आथिल्लो योग्यताका उम्मेदवारलाई विशेष प्राथमिकता दिइने छ। साथै, इमेलबाट पनि दरखास्त दिन सकिने छ ।)

प्रधानाध्यापक
**श्री चन्द्रोदय आधारभूत विद्यालय**
बन्दीपुर-५, याम्पाफाँट, तनहुँ ।
सम्पर्क : ९८४६१४५५०५, ९७००३५७१९२, ९८४६०६२२५६
Email : chandrodaya2028@gmail.com



## व्यास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

## नगर लोककल्याणकारी सन्देश

**प्लाष्टिकजन्य कृत्रिम फूलगुच्छा तथा सजावटी सामाग्रीको बिक्री-वितरण नगर्नु नगराउनु हुन ।**

नेपाल सरकारको निर्णय तथा प्रचलित कानून बमोजिम प्लाष्टिकजन्य कृत्रिम फूलगुच्छा तथा सजावटी सामाग्रीको उत्पादन, आयात, बिक्री-वितरण, भण्डारण तथा प्रयोगमा रोक लगाइएको हुँदा व्यास नगरपालिका क्षेत्र भित्र यस्ता सामाग्रीको कारोबार तथा प्रयोग नगर्नु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ । नगरपालिबाट बजार तथा व्यवसायिक क्षेत्रमा अनुगमन गरिनेछ र कानून विपरीत कार्य गरेको पाइएमा प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिदे व्यहोरा जनकारी गरिन्छ ।

**प्राकृतिक फूल तथा वातावरणमैत्री सामाग्र प्रयोग गरौं, वातावरण संरक्षणमा सहयोग गरौं ।**



## विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**कात्तिक ८ गते आइतबार**

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा.अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।
२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**कात्तिक १३ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**कात्तिक १४ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ **डा. जयन्ती ज्वारचन** आउनुहुनु भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
व्यास-२, अमरसिंह मार्ग, दमौली । फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




## डेंगु नियन्त्रण सम्बन्धी सचेतना

तनहुँको व्यास नगरपालिका-१० का विभिन्न टोलमा सञ्चालन गरिएको डेंगु रोगको रोकथाम तथा नियन्त्रणसम्बन्धी स्वास्थ्य सचेतना कार्यक्रमका सहभागिहरू । व्यास नगर अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीले डेंगु रोग कसरी फैलिन्छ, यसको लक्षण तथा संक्रमणबाट बच्ने उपायबारे स्थानीयवासीलाई जानकारी एवं सचेत गराएका छन् । डेंगु फैलाउने लामखुट्टेको वृद्धि रोक्न घरवरपर पानी जम्न नदिने, पानी जम्ने भाँडाकुँडा तथा स्थान सफा राख्ने र लामखुट्टेको टोकाइबाट बच्ने उपाय अपनाउन स्वास्थ्यकर्मीले सुझाव दिएका थिए ।

*तस्विर : भञ्ज्याङ*

# चाडपर्व लक्षित बजार अनुगमन तीव्र : डुम्रे बजारमा म्याद गुज्रिएका पेय पदार्थ बिक्री

**भञ्ज्याङ समाचारदाता**/डुम्रे

दसैँ, तिहार र छठजस्ता ठूला चाडपर्व नजिकिएसँगै तनहुँका स्थानीय तहले बजार अनुगमनलाई तीव्र बनाएका छन् । बन्दीपुर गाउँपालिका र भानु नगरपालिकाले बुधबार डुम्रे बजार तथा आसपासका क्षेत्रमा छुट्टाछुट्टै टोली परिचालन गरी खाद्यवस्तुको गुणस्तर, म्याद, मूल्यसूची, व्यवसाय दर्ता र सरसफाइलगायत पक्षको अनुगमन गरेका हुन्।

बन्दीपुर गाउँपालिकाको बजार अनुगमन टोलीले बन्दीपुर-४ डुम्रेमा सञ्चालनमा रहेको पेप्सी तथा सेभेनअपलगायत पेय पदार्थको डिलर ओशो ट्रेड सर्कलमा म्याद गुज्रिएका सामग्री बिक्रीका लागि राखिएको फेला पारेको छ। अनुगमनका क्रममा केही प्याकेटमा म्याद गुज्रिएको र केहीमा म्याद बाँकी रहेको पेय पदार्थ एउटै क्रेटमा मिसाएर बिक्रीका लागि राखिएको अवस्थामा भेटिएको गाउँपालिकाका राजस्व प्रमुख मनोज बरालले जानकारी दिए ।

उनका अनुसार डिलरमा खोजतलास गर्दा म्याद गुज्रिएका पेय पदार्थसमेत बिक्रीका लागि राखिएको भेटिएको हो । उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको खाद्य तथा पेय पदार्थमा गम्भीर लापरबाही देखिएकाले सम्बन्धित निकायको कानुनी प्रक्रियाअनुसार कारबाही अघि बढाइने खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका खाद्य निरीक्षण अधिकारी सन्तोष थापाले बताए ।

बन्दीपुर गाउँपालिकाकी उपाध्यक्ष तथा बजार अनुगमन समितिकी संयोजक पञ्चमाया गुरूङको नेतृत्वमा गएको टोलीले डुम्रे बजारका अन्य किराना तथा खाद्यान्न पसलमा समेत अनुगमन गरेको थियो । ती पसलमा पनि म्याद सकिएका केही सामग्री फेला परेको टोलीले जनाएको छ ।

अनुगमन टोलीमा बन्दीपुर-१ का वडा सदस्य प्रेमबहादुर शाही, बन्दीपुर-४ का वडा सदस्य भीम घले, उद्योग वाणिज्य संघ डुम्रे बजार इकाइका सभापति दीपक श्रेष्ठ तथा डुम्रे प्रहरी चौकीका प्रमुख प्रहरी वरिष्ठ नायब निरीक्षक राजकुमार केसीलगायत सहभागी थिए ।

यसैबीच भानु नगरपालिकाले पनि डुम्रे-साजबोटे क्षेत्रमा बजार अनुगमन गरेको छ। नगरपालिकाको योजना तथा अनुगमन शाखा प्रमुख युवराज ज्ञवालीको नेतृत्वमा गरिएको अनुगमनका क्रममा केही व्यवसायमा दर्ता तथा नवीकरण नभएको, सरसफाइमा कमी देखिएको तथा अखाद्य वस्तुको प्रयोग र म्याद गुज्रिएका सामग्री बिक्री भइरहेको पाइएको नगरपालिकाले जनाएको छ ।



भानु नगरपालिकाको टोलीले पसल तथा गोदाममा रहेका पेय पदार्थ र चिसो पेयको म्याद, मूल्यसूची, व्यवसाय दर्ता तथा बिलबिजकसमेत जाँच गरेको थियो। चाडपर्वका बेला उपभोक्ताको माग बढ्ने र व्यापारिक कारोबारसमेत बढ्ने भएकाले बजारमा म्याद गुज्रिएका, गुणस्तरहीन तथा अखाद्य वस्तुको बिक्री रोक्न अनुगमनलाई प्राथमिकता दिइएको नगरपालिकाले जनाएको छ ।

अनुगमनमा वडा नं. १ का सदस्य तुलबहादुर गुरूङ, नगरपालिकाका विभिन्न शाखाका प्रमुख तथा प्रतिनिधि, इलाका प्रहरी कार्यालय भानुका प्रहरी कर्मचारी र उपभोक्ता हित संरक्षण समितिका प्रतिनिधिको सहभागिता रहेको थियो।

अनुगमनका क्रममा सामान्य कैफियत भेटिएका व्यवसायीलाई आवश्यक सुधार गर्न निर्देशन दिइने तथा गम्भीर प्रकृतिका कमजोरी भेटिएमा प्रचलित कानुनअनुसार कारबाही गरिने सम्बन्धित निकायले जनाएको छ । विशेषगरी म्याद गुज्रिएका खाद्य तथा पेय पदार्थ बिक्री गर्ने, मूल्यसूची नराख्ने, बिलबिजक जारी नगर्ने र व्यवसाय दर्ता नगरी सञ्चालन गर्ने प्रवृत्तिमाथि निगरानी बढाइने भएको छ। चाडपर्वको समयमा उपभोक्ताको चाप बढ्ने भएकाले व्यवसायीले नाफाका लागि म्याद गुज्रिएका वा गुणस्तरहीन सामग्री बिक्री गर्न सक्ने सम्भावनालाई ध्यानमा राखेर पालिकाहरूले अनुगमनलाई निरन्तरता दिने बताएका छन् । उपभोक्ता ठगी, कालोबजारी र अखाद्य वस्तुको बिक्री नियन्त्रणका लागि चाडपर्व अवधिभर बजार अनुगमन जारी रहने जनाइएको छ ।

### facebook twitter



**Deepak Raj Joshi**
x.com/kapeed

चेतनाको स्तर कमजोर भएका मानिसहरूले राज्य सञ्चालन गर्न थालेपछि राज्य केवल एउटा संरचना र सत्ता सञ्चालनको संयन्त्रमा सीमित हुन्छ; राज्यको आत्मा हराउँछ ।

ज्ञान पढेर प्राप्त गर्न सकिन्छ, डिग्री हासिल गर्न सकिन्छ, सूचना संकलन गर्न सकिन्छ। तर चेतना पढेर मात्र आउँदैन। चेतना भनेको आफू, समाज, सत्ता र आफ्नो कर्मको गहिरो बोध हो ।

जब शासकमा ज्ञान हुन्छ तर चेतना हुँदैन, राज्यमा व्यवस्था त देखिन सक्छ, तर न्याय हराउन सक्छ। कानूनका अक्षरहरु बाँकी रहन्छन्, तर धर्मको आत्मा हराउँछ।

ज्ञानले मानिसलाई सक्षम बनाउन सक्छ, तर चेतनाले मात्र उसलाई जिम्मेवार बनाउँछ । त्यसैले राज्य सञ्चालनका लागि ज्ञानभन्दा माथि विवेक र चेतना आवश्यक हुन्छ ।

किनकि पढेको मानिस विद्वान हुन सक्छ, तर जागेको मानिस मात्र विवेकी हुन्छ ।

र जब चेतना जाग्छ, सत्ता सेवा बन्छ; जब चेतना निदाउँछ, सत्ता स्वार्थ बन्छ ।



**Narayan Amrit**
x.com/amritna

एकातिर, चालु कांग्रेस अधिवेशनको तस्बिर हेर्दा- नयाँ पुस्ता बडो गतिशिल ढंगमा तल्लो तहदेखि केन्द्रमा आफ्नो बर्चश्व बढाउन तम्तयार भएको समाचार छ । अर्कोतिर, अर्को ठुलो दल एमालेभित्र दुई दुई पटक देशकै सर्वोच्च पद राष्ट्रपतिमा रजगज गरेकी विद्यादेवी भण्डारी पार्टी बैठकको संघारमा उभिएको समाचार छ। राजनीतिमा अहंकारपछि लोभ अर्को खतरनाक रोग स्थापित गर्दैछ एमाले ।

# कृष्णभीरको विकल्प सडक निर्माण : बेनीघाट-फिस्लिङ जोड्ने १९ किलोमिटर सडक स्तरोन्नति हुँदै

**भञ्ज्याङ समाचारदाता**/गोरखा

पृथ्वीराजमार्गअन्तर्गत मुग्लिङ-काठमाडौँ सडकखण्डको कृष्णभीरमा पहिरोका कारण पटक-पटक यातायात अवरूद्ध हुने समस्या समाधानका लागि निर्माण भइरहेको वैकल्पिक सडकको कामले गति लिन थालेको छ । गोरखातर्फको बेनीघाटदेखि फिस्लिङ जोड्ने गरी निर्माण भइरहेको सडकलाई पृथ्वीराजमार्ग अवरूद्ध हुँदा प्रयोग गर्न सकिने वैकल्पिक मार्गका रूपमा विकास गर्न लागिएको हो ।

गोरखा सडक योजना कार्यालयका अनुसार फिस्लिङपारि गोरखातर्फको पल्लोटारदेखि सिउरेनीटार हुँदै बेनीघाटसम्म करिब १९ किलोमिटर सडक स्तरोन्नति गर्न लागिएको छ । यसमध्ये करिब १ दशमलव २ किलोमिटर नयाँ ट्यार्क खोलिनेछ भने बाँकी खण्डमा सडक विस्तार तथा स्तरोन्नतिको काम हुनेछ ।

सडक योजना कार्यालयका प्रमुख विनोद पुनका अनुसार नयाँ ट्यार्क र सडक स्तरोन्नतिको काम दुई छुट्टाछुट्टै प्याकेजमा अघि बढाइएको छ। दुवै योजनाको ठेक्का लागिसकेको र निर्माण कार्यलाई तीव्रता दिइएको उनले बताए । पल्लोटारतर्फ करिब १ दशमलव २ किलोमिटर नयाँ ट्यार्क खोल्न छेपेटार कन्स्ट्रक्सन गोरखासँग एक करोड ७५ लाख २६ हजार रूपैयाँमा सम्झौता भएको छ । करिब सात मिटर चौडाइको डबल लेन सडक निर्माण हुने उक्त योजनाको सम्झौता असोज ५ गते भएको हो । निर्माण कम्पनीले एक महिनाभित्र ट्यार्क खोल्ने लक्ष्य राखेको छ ।

त्यसैगरी बेनीघाटपारिको सिउरेनीटारदेखि घ्याच्चोकटार, ज्यामिरेघाट हुँदै फिस्लिङसम्मको करिब ६ दशमलव ५ किलोमिटर सडक स्तरोन्नतिको जिम्मा अनुज कन्स्ट्रक्सन हेटौँडाले पाएको छ । एक करोड ७७ लाख ८१ हजार रूपैयाँमा सम्झौता भएको उक्त योजनामा सडकलाई डबल लेनमा विस्तार गरिँदैछ । सम्झौताअनुसार कात्तिक ५ गतेभित्र काम सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

वैकल्पिक मार्गको बाँकी करिब १० किलोमिटर सडक कालोपत्र गर्ने कामका लागि यसअघि नै ठेक्का लागिसकेको कार्यालयले जनाएको छ । प्रदेश र संघीय सरकारको समपूरक बजेटबाट सडक स्तरोन्नतिको काम अघि बढाइएको हो । तर, ठेक्का लागिसकेको खण्डमा निर्माण कम्पनीले अपेक्षित गतिमा काम नगरेको भन्दै स्थानीयले गुनासो गर्दै आएका छन् ।

कृष्णभीरमा पहिरो जाने र सडक अवरूद्ध हुने समस्या देहोरिरहँदा त्यसको स्थायी विकल्पका रूपमा यो सडकलाई हेरिएको छ । पृथ्वीराजमार्गमा पहिरोका कारण लामो समयसम्म यातायात रोकिने अवस्थामा वैकल्पिक मार्ग उपलब्ध भए यात्रु तथा मालवाहक सवारीसाधनलाई गन्तव्यसम्म पुग्न सहज हुने अपेक्षा गरिएको छ ।

निर्माणाधीन सडकको अवस्थाबारे गोरखाका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्र, गण्डकी गाउँपालिकाका अध्यक्ष दीपक तिमेल्सिना, गोरखा सडक योजना कार्यालयका प्रमुख विनोद पुनलगायत सुरक्षा निकायका प्रमुखले स्थलगत निरीक्षण गरेका छन् । निरीक्षणका क्रममा निर्माण कम्पनीसँग प्रगतिको अवस्थाबारे जानकारी लिँदै निर्धारित समयभित्र काम सम्पन्न गर्न निर्देशन दिइएको छ ।

गण्डकी गाउँपालिका-६ पल्लोटारदेखि वडा नं. ८ सिउरेनीटारसम्मको सडकलाई तत्काल सञ्चालनयोग्य बनाउने गरी स्तरोन्नतिको कामलाई प्राथमिकता दिइएको गाउँपालिका अध्यक्ष तिमेल्सिनाले बताए । उनका अनुसार वैकल्पिक सडक सञ्चालनमा आएपछि कृष्णभीरमा पहिरो जाँदा पृथ्वीराजमार्ग अवरूद्ध हुने अवस्थामा यात्रु तथा सवारीसाधनलाई अर्को मार्ग प्रयोग गर्न सकिनेछ । उनले भने, "कृष्णभीरको समस्या आउँदा राजमार्गमै घण्टौं रोकिनुपर्ने अवस्थाको विकल्प यो सडक बन्न सक्छ ।"

पृथ्वीराजमार्गको संवेदनशील खण्डमा हुने प्राकृतिक विपत्तिका कारण यातायात र आपूर्ति व्यवस्था प्रभावित हुँदै आएको अवस्थामा बेनीघाट-फिस्लिङ वैकल्पिक मार्गलाई छिटो सम्पन्न गर्न सके राजमार्गको यातायात व्यवस्थापनमा महत्वपूर्ण सहयोग पुग्ने देखिएको छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४